# सहिदभूमि गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## पिप्ले, धनकुटा
### कोशी प्रदेश, नेपाल

**आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि शिलबन्दि बोलपत्र आह्वानको सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८०।०५।११

सहिदभूमि गाउँपालिकाबाट स्वीकृत यस गा.पा.को आर्थिक ऐन २०८० बमोजिम गाउँपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व. ०८०।०८१ का लागी सहिदभूमि गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १३८ बमोजिम ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिल अनुरुपको समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दि बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराइन्छ । अन्य विस्तृत जानकारीका लागी कार्यालयको वेबसाइड :**www.shahidbhumimun.gov.np** वा कार्यालयको सूचना पार्टीमा हेर्नु हुन वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्काको विवरण :-**

| ठे.न. | विवरण | न्युनतम ठेक्का अंक रु | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| आ.४/०७९।८० | विज्ञापन कर संकलन (सहिदभूमि गाउँपालिका क्षेत्र भित्र) | १५,०००/- | १०००/- | ७ औं दिन २०८०।०५।१७ गते सम्म | ८ औं दिन २०८०।०५।१८ गते १२:०० बजे | ८ औं दिन २०८०।०५।१८ गते २:०० बजे |

२०८०।५।११

नविन कार्की
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

शर्तहरु :

१. शिलबन्दि बोलपत्र आफूले कबोल गरेको ठेक्का अंकको ५% धरौटी बापत रकम सहिदभूमि गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सिटिजन्स बैंक इन्टरनेशनल लि. पिप्लेमा रहेको **ग-३ स्थानिय तह धरौटी खाता नम्वर ०७४०१००० ००००४२०१** मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

२. शिलबन्दि बोलपत्र साथ बोलपत्रवालाको ब्यक्तीको हकमा नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ। संस्थाको हकमा आन्तरिक राजश्व कार्यालयबाट प्राप्त गरेको स्थायी लेखा नम्बर को प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, तथा आ.व. ०७८/७९ को आयकर चुक्ता प्रमाण पत्र समेत शिलबन्दी दरभाउ पत्र साथ पेश गर्नू पर्नेछ ।

३. शिलबन्दि बोलपत्र फारम दस्तुर ठेक्का नं. आ. ४/०७९।८० को लागी रु. १०००/- (फिर्ता नहुने गरी) बोलपत्र फारम सहिदभूमि गा.पा. गाउँकार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट रसिद काटी वा सहिदभूमि गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सिटिजन्स बैंक इन्टरनेशनल लि. पिप्लेमा **रहेको ग-१-१ सहिदभूमि गा.पा.आन्तरिक राजश्व खाता नम्वर ०७४०१००० ०००१२०२** मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गरि राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दि बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन (२०८०।०५।१७) सम्म खरिद गर्न सकिने छ । र ८ औं दिन (२०८०।०४।२४ गते) दिनको १२:०० बजे सम्म दर्ता गराउन सकिनेछ । साथै शिलबन्दि बोलपत्र ८ औं दिन (२०८०।०४।२४ गते) दिनको ठिक २:०० बजे यस गा.पा. कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको बोलपत्र फारम उपर कुनै कारबाही हुने छैन ।

६. शिलबन्दि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

७. ठेक्का रकमलाई किस्तामा बूझाउनका लागि पहिलो किस्ता ६० प्रतिशत, तथा अन्तिम किस्ता ४० प्रतिशत गरी विभाजन गरिने छ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता रकम सम्झौता गर्दा कै बखतमा र अन्तिम किस्ता वरावरको ४० प्रतिशत रकम सम्झौता भएको मितिले चार (४) महिना भित्रमा वूझाउनू पर्ने छ । अन्तिम किस्ता वरावरको रकमको हकमो बैंक ग्यारेन्टी सम्झौता गर्दा कै बखंतमा पेश गर्नु पर्ने छ । एकमूष्ट रकम वूझाउन चाहनेले कवोल अंकमा ठेक्का रकममा १० (%) प्रतिशतले हून आउने रकम छुट दिइने छ ।

८. दर्ता भएका शिलबन्दि बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा सहिदभूमि गा.पा.गाउँकार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ र बोलपत्र दर्तावाला वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

९. गाउँपालिकाले तोकिदिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नु पर्नेछ ।

१०. अन्य जानकारीको लागी सहिदभूमि गा.पा. गाउँकार्यपालिकाको कार्यालयको राजश्व शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

११. वार्षिक ठेक्का रकम बाँकी अवधिको लागी स्वीकृत भएको दिन देखी दामासाहीले लागु हुनेछ । विपद वा माहामारीको कारण ठेक्का संम्झौता भएर पनि अशुलउपर गर्न बाधा परेमा प्रचलित ऐन नियम र गाउँ सभा को निर्णय बमोजिम हुनेछ ।

**नोट :-** शिलबन्दि बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दि बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट दर्ता हुने तथा खालिने छ ।

नविन कार्की
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner
CamScanner